**INTELLECTUAL INCEPTION: A Multidisciplinary Research Journal of Bophur Campus**
(Peer Reviewed)
ISSN: 2990-7934, Volume 1, Issue 1, July 2023, pp 125-140
Published by Research Management Cell (RMC), Bhojpur Multiple Campus, Bhojpur
E-mail: bhojpurcampusrmc77@gmail.com

# घुम्ने मेचमाथि अन्धो मान्छे कवितामा व्याकरणिक संसक्ति

माया घिमिरे
उपप्राध्यापक
नेपाली विभाग
राममणि बहुमुखी क्याम्पस, रुपन्देही
E-mail: ghimiremaya26@gmail.com

## अध्ययनसार

प्रस्तुत लेखमा कवि भूपि शेरचनद्वारा लिखित घुम्ने मेचमाथि अन्धो मान्छे कविताको व्याकरणिक संसक्ति व्यवस्थाको अध्ययन गरिएको छ । यस अध्ययनको पूर्णताका लागि संकथन अध्ययनभित्रको संसक्ति व्यवस्था अन्तगर्तको व्याकरणिक संसक्तिलाई सैद्धान्तिक पर्याधारका रूपमा प्रयोग गरिएको छ । यस अध्ययनसँग सम्बन्धित मूल समस्या र शोध्य प्रश्न निरुपणका लागि गुणात्मक तथा सङ्ख्यात्मक अनुसन्धान पद्धति तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यस अध्ययनमा तत्कालीन नेपाली सामन्तवादी बन्द समाजमा समयको गतिशीलतासँगै गतिशील हुन नसकेका आम नेपाली जनताको प्रतिनिधिमूलक चरित्र समाख्याता (म) पात्रको अस्तित्वहीन, निरीह, निस्तेज, निराशावादी, प्राणहीन, चिन्तनलाई कवितामा प्रयुक्त पदपदावलीको उचित संयोजनले कसरी सुसंबद्ध र सङ्गठित पाठको निर्माण भएको छ भन्ने पक्षलाई व्याकरणिक संसक्तिका निर्मितिका आधारमा विश्लेषण गरिएको छ । व्यङ्ग्यात्मक पुट भरिएको यस कवितामा तत्कालीन समयमा जनता कतिसम्म निरीह भएर बाँच्न विवश थिए भन्ने सन्दर्भलाई पाठभित्र आएका निदर्शन, प्रतिस्थापन, लोप, सार्वनामीकरण र सम्योजन जस्ता व्याकरणिक संसक्तिले कसरी पाठको अर्थलाई एकान्वित र सुसंबद्ध तुल्याई सङ्गठित पाठ निर्माण गरेका छन् भन्ने सन्दर्भको विश्लेषण गरिएको छ । शीर्षकबाटै स्थूल संयुक्ति अभिव्यक्त गरिएको यस कवितामा अन्तर्निहित भाव, परिवेश र सन्दर्भलाई व्याकरणिक संसक्तिले कसरी संसक्त तुल्याई कविताको आदिदेखि अन्त्यसम्मको भावगत एकत्वलाई प्रवाह गरेका छन् भन्ने कुरा अध्ययन गरिएको छ र कवितालाई भावको श्रृङ्खलाबद्ध सूचना प्रवाहको संसक्तताबाट व्यवस्थित, सङ्गठित, सुसम्बद्ध पाठका रुपमा रहेको निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जी** : संकथन, निदर्शन, संसक्ति, प्रतिस्थापन, सुसंबद्ध ।

## विषय परिचय

भूपि शेरचन (१९९२ - २०४६) आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी प्रगतिवादी धाराका कवि हुन् । शेरचनका पूर्वार्द्ध चरणका कवितामा स्वच्छन्दतावादी भाव सशक्त भएर आएको पाइन्छ भने उत्तरार्द्ध चरणका कवितामा प्रगतिवादी चेतनाससँगै व्यङ्ग्यात्मक प्रवृत्ति पनि समन्वित भएर आएको पाइन्छ । आफ्ना सिर्जनामा समकालीन युगका मानवीय प्रवृत्तिलाई व्यङ्ग्यात्मक रुपमा प्रस्तुत गर्ने शेरचनले तत्कालीन नेपाली समाजका विकृति र विसङ्गतिलाई कलात्मक ढङ्गले उधिनेका छन् । वि सं २००६ सालमा *गरिब* शीर्षकको कविता लेखी नेपाली कविताको फाँटमा उदाएका शेरचनका 'नयाँ झ्याउरे' (२०१०) 'निर्झर' (२०१५) र 'घुम्ने मेचमाथि अन्धो मान्छे' (२०२६ सालमा साझा पुरस्कार प्राप्त) कवितासंग्रह प्रकाशित छन् । शेरचनको प्रस्तुत घुम्ने मेचमाथि अन्धो मान्छे कविता २०१८ सालको रूपरेखा पत्रिकामा प्रथम पटक प्रकाशित भई पछि 'घुम्ने मेचमाथि अन्धो मान्छे' कवितासङ्ग्रहमा सङ्कलित भएर रहेको छ । खासगरी प्रगीतात्मक संरचनाका कविता रचना गर्ने भूपिले सरल, सहज र प्रभावोत्पादक शैलीमा संक्षिप्त आयामका मुक्त लयात्मक गद्य कविता रचना गर्दछन् । अधिकाधिक बिम्ब तथा प्रतीकको प्रयोग गर्दै कविता सिर्जना गर्ने भूपि शेरचनको राजनैतिक चेतलाई प्रगाढ रूपमा प्रस्तुत गरिएको युगान्तकारी व्यङ्ग्य कविताका रुपमा 'घुम्ने मेचमाथि अन्धो मान्छे' कवितालाई लिन सकिन्छ । सरल शैलीमा विषयगत गहनतालाई अभिव्यक्त गरिएका भूपिका कविता तिनमा अन्तर्निहित साङ्गीतिक चेतका कारण आस्वादनीय छन् ।

राजनैतिक चेतलाई जीवन्त तुल्याई परिमार्जित र प्राञ्जल भाषाका माध्यमबाट प्रस्तुत गरिएको यस कवितामा सामन्तवादी शासकको विवेकहीन प्रवृत्तिलाई अन्धाको संज्ञा दिइएको छ । सामन्ती संस्कार, बन्द समाज र अन्धा शासकको कारण जनता जनार्दन भएपनि सुकेको बाँसझैं भएर खोकिएको, रोगी मलेवाझै निरीह बनेको, पातेच्याउँ जस्तै अस्तित्वहीन अवस्थामा स्थिर रहन परेको यथार्थलाई पाठमा सुसम्बद्ध गरिएको छ । अन्धा शासकले सम्पूर्ण नेपाल र नेपालीलाई दृष्टि पुऱ्याउन नसकेको तीतो यथार्थलाई काठमाडौं र त्यसमा पनि काठमाडौंको मुटुमा रहेको नयाँ सडकलाई मात्र देख्न सकेको प्रसङ्गलाई संसक्त गर्दै न्युरोडलाई उच्चवर्गीय सामन्तको चलखेल गर्ने स्थानका रुपमा चिनाएका छन् । नयाँ सडकमा पनि असङ्ख्य निमुखा, शोषित, पीडित भएर ओझेलमा परी बाँचेका र तिनका वास्तविक पीडा र शोषणका घटनाले अखबारमा स्थान पाउन नसकेको तथ्यलाई कविले व्याकरणिक संसक्तिको प्रयोग गरी संसक्त तुल्याएका छन् । अन्याय, अत्याचार र शोषणको डसाइबाट गतिशील हुन नसकेको समाख्याता प्रेतात्मा जागेजस्तै जागेको र शोषणको डसाइका पूर्वकथाबाट मुक्त हुन रक्सीको गिलाँसमा हाम फालेको सन्दर्भले भावगत एकत्वलाई सुसङ्गठित गरेको छ ।

तत्कालीन सामन्तवादी शासन पद्धतिमा शासकका रुपमा रहेका मठाधिशहरुलाई व्यङ्ग्य गरेर लेखिएको यस कवितामा चियाको कित्लीसँग उदाएको सूर्य रक्सीको रित्तो गिलाँससँगै

अस्ताएको र त्यही क्रममा शासनसत्ता रिक्तता र अन्धतामा समयको निरन्तर प्रवाहमा प्रवाहित हुँदा समयको शास्वत निरन्तर गतिशीलतालाई आत्मसात् गर्न नसकेको यथार्थलाई सुसंबद्ध तुल्याइएको छ । वरिपरिका परिवर्तित दृश्य र रमाइला क्रियाकलापसँग समाख्याता परिचित हुन नसकेको यथार्थलाई वर्तुलित रुपमा व्यक्त गरिएको छ । सामन्तवादी शासन पद्धतिको प्रदर्शनीमा घुम्ने मेचमाथि करले बसेका मठाधिश अन्धो (अयोग्य) हुनाको कारण समाख्याता सुकेको बाँसजस्तै  खोक्रो, रोगी मलेवा जस्तै टिठलाग्दो र पाते च्याउँजस्तै निरीह बनेर रहेको भागवत सूचनाको श्रृङ्खलालाई पाठमा अन्तरसम्बन्धित तुल्याइएको छ । नेपाली कविताको परम्परामा भूपि शेरचन बिम्बात्मक, प्रतीकात्मक भावलाई व्यक्त गर्दै समाजिक विकृति विसङ्गतिलाई व्यङ्ग्यात्मक रूपमा अभिव्यक्त गर्ने कवि हुन् ।  शेरचनको यस कवितामा पनि व्याकरणिक संसक्तिका निर्मितिका माध्यमबाट सहवर्ती अर्थ निर्धारण गरी पाठगत अर्थलाई सुसंबद्ध, एकत्व र संगठित गरिएको छ ।

शेरचनको 'घुम्ने मेचमाथि अन्धो मान्छे' कवितामा व्याकरणिक संसक्ति व्यवस्थाको अध्ययनका सन्दर्भमा पाठमा प्रवाहित भावको श्रृङ्खलालाई निदर्शन, प्रतिस्थापन, सार्वनामीकरण, लोप र संयोजनका माध्यमबाट अर्थको सुसम्बद्धता र सङ्गठिततालाई विश्लेषण गरिएको छ । संकथनको एउटा पद्दतिका रूपमा रहेको संसक्ति व्यवस्था अन्तर्गतको व्याकरणिक संसक्तिले संरचनामा रहेका व्याकरणिक प्रकार्यका माध्यमबाट पाठलाई एकान्वित र सुसम्बद्ध तुल्याउँछ । शेरचनका कविता र तिनमा पाइने विशेषताका बारेमा अध्ययन अनुसन्धान भए पनि उनका  कवितामा संकथनपरक अध्ययन तथा विश्लेषण भएको छैन तापनि अनिल अधिकारी (२०७९) को भूपि शेरचनको हामी कवितामा संसक्ति व्यवस्था शीर्षकको अध्ययनमा कवितामा प्रर्युक्त निदर्शन, सार्वनामीकरण, प्रतिस्थापन,लोप र संयोजनजस्ता व्याकरणिक संसक्तिको उपथितिले कृतिलाई सुगठित पाठ निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको विषयमा निष्कर्ष प्रस्तुत भएको छ ( अधिकारी, २०७९, पृ. २३१) यस अध्ययनले शेरचनका अन्य कवितामा पनि व्याकरणिक संसक्तिको अध्ययन गर्न सकिने संकेत गरेको छ र थप अध्ययनको लागि मार्गनिर्देश गरेको छ । यस अध्ययनका लागि सैद्धान्तिक पूर्वकार्यका रूपमा ह्यालिडे र ह्यासनको कोहेजन इन इङ्लिस, देवीप्रसाद गौतमको संकथन विश्लेषण ,फ्लोरिड्युको कोहेजन र थेमेटिक डेभलपमेन्ट, ह्यालिडे र म्याथिसनको एन इन्ट्रोडक्सन अफ फङ्सनल ग्रामर विषयक सैद्धान्तिक  लेखलाई उपयोग गरिएको छ । उपर्युक्त प्रायोगिक तथा सैद्धान्तिक  अध्ययनका आधारमा अध्ययनको रिक्तता स्थापित गरी व्याकरणिक संसक्तिले पाठको भावगत श्रृङ्खलालाई सुसंगठित सुसंबद्ध तुल्याएको निष्कर्ष निकालिएको छ ।

## समस्याकथन र उद्देश्य

प्रस्तुत अध्ययनको मुख्य समस्या भूपि शेरचनको 'घुम्ने मेचमाथि अन्धो मान्छे' कवितामा व्याकरणिक संसक्ति व्यवस्थाको अध्ययनमा केन्द्रित रहेको छ । कविता भाषिक संरचनामा प्रस्तुत हुने साहित्यको पद्य विधा हुनाले यस अध्ययनमा भाषिक प्रकार्यले पाठगत संयुक्ति र सन्दर्भ निर्माणको आधारसँग सम्बन्धित पक्षलाई समाधान गर्न मुख्य समस्यासँग सम्बन्धित निम्नलिखित शोध्य प्रश्न निर्धारण गरिएको छ :

(क) 'घुम्ने मेचमाथि अन्धो मान्छे' कवितामा निदर्शन र प्रतिस्थापन के कस्तो अवस्थामा प्रयोग भएका छन् ?

(ख) 'घुम्ने मेचमाथि अन्धो मान्छे' कवितामा लोप र सार्वनामीकरणले व्याकरणिक संसक्तिगत व्यवस्थाको एकत्वलाई कसरी सुसंगठित गरेका छन् ?

(ग) 'घुम्ने मेचमाथि अन्धो मान्छे' कवितामा संयोजनको प्रयोग किन भएको छ ?

समस्याकथनमा उल्लेख गरिएका समस्याहरुको समाधान खोज्नु नै यस अध्ययनको उद्देश्य हो ।

## अध्ययनविधि र विश्लेषण ढाँचा

प्रस्तुत अध्ययनमा उठाइएका शोध्य प्रश्नहरुको तथ्यपूर्ण, वस्तुनिष्ठ र प्रामाणिक समाधानका लागि सामग्री सङ्कलन गर्न मूलतः प्राथमिक र द्वितीयक दुवै प्रकारका स्रोतको उपयोग गरिएको छ । प्राथमिक स्रोतको रूपमा भूपि शेरचनको 'घुम्ने मेचमाथि अन्धो मान्छे' कवितालाई आधार सामग्रीका रुपमा लिइएको छ भने द्वितीयक स्रोत व्याकरणिक संसक्ति र घुम्ने मेचमाथि अन्धो मान्छे कवितासँग सम्बन्धित विभिन्न पुस्तक, शोध तथा अनुसन्धानात्मक लेखरचना, पत्रपत्रिका, इन्टरनेटबाट प्राप्त सामग्रीलाई ग्रहण गरिएको छ । प्रस्तुत अध्ययनमा सङ्कलित सामग्री विश्लेषणको लागि व्याकरणिक संसक्तिलाई मूल सैद्धान्तिक पर्याधार बनाइएको छ । यस अध्ययनमा कविता रचनाको पृष्ठभूमि सन्दर्भलाई समेत आधार मानी गुणात्मक अनुसन्धान पद्दति र पाठविश्लेषण ढाँचाको प्रयोग गरी अर्थापनका लागि व्याख्यात्मक र विश्लेषणात्मक विधिको उपयोग गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

सन्दर्भ उल्लेख गरिएका वाङ्मयका सबै विधा संकथन हुन् । यसमा प्रयोगमा आएको भाषिक रुपको अध्ययन गरिन्छ । संकथनमा कथ्यभाषा, साङ्केतिक भाषा तथा लेख्य भाषामा अभिव्यक्त प्रयुक्तिहरुको समायोजन कसरी भएको छ भन्ने कुराको अध्ययन गरिन्छ । पाठभित्र आउने वाक्यहरुमा भावप्रवाह सिर्जना गर्ने विशिष्ट ढाँचाका रुपमा संसक्ति रहेको हुन्छ र यसले पाठ भित्रका संवाद, मनोवाद, अनुच्छेद, वाक्य, उपवाक्य, पदावली, पद, आदिलाई सुसङ्गठित बनाउँछ । संसक्ति प्रक्रिया त्यस्तो रसायन हो जसले कुनै पाठभित्रका संकथनका एकाइहरुलाई एकतावद्ध गर्दछ ,सुसंगठित बनाउँछ । (गौतम, २०७८, पृ. ५७५) यसले पाठमा श्रृङ्खलावद्ध

रूपमा आएका एकाइहरूलाई अन्तरसम्बन्धित तुल्याउँछ । पाठमा संसक्ति सम्बन्धलाई एक आपसमा अन्तरसम्बन्धित तुल्याउन संयोजी शब्दहरू आएका हुन्छन् र यिनैका माध्यमबाट पाठमा वाक्यहरू एकीकृत रुपमा संसक्त भएर रहन्छन् । पाठको अर्थगत सम्बन्धको निर्क्योलका लागि संयुक्ति र संसक्ति अन्तरसम्बन्धित भएर रहेका हुन्छन् त्यसैले ह्यालिडे र ह्यासनले संयुक्ति र संसक्तिलाई एकसाथ अध्ययन गरेका छन् । पाठमा संकथनपरक अर्थको खोजी गर्दा पाठभित्रका सूक्ष्म र स्थूल संसक्ति श्रृङ्खलाको अध्ययन गरिन्छ भने त्यसलाई औपचारिक रुपमा सुसंगठित वा अन्तरसम्बन्धित तुल्याउने काम संसक्तिले गर्छ । संसक्तिले पाठभित्रका एकाइहरू पुनरावृति,परवर्ती अभिव्यक्ति र अन्य संसक्तिसूचक सूत्रको प्रयोगबाट कसरी अन्तर्सम्बन्धित छन् भन्ने कुराको पाठकलाई मार्गनिर्देश गर्छ (एटम, २०७४ पृ. २३८) । भाषिक अभिव्यक्तिमा आउने यस्ता संकेतसूत्रले अभिव्यक्तिलाई सुबोध बनाई भावको पूर्वापर सम्बन्धलाई तर्कसम्मत ढङ्गले संयोजन गर्दै विकसित तुल्याउँछन् । संसक्तिले पाठलाई भाषिक रूपले एकीकृत  पार्ने काम गर्छ । संसक्ति भाषिक पद्धतिको एक अभिन्न अंग हो जसले पद,पदावली,उपवाक्य वा वाक्य बीचको अन्तरसम्बन्ध स्थापित गरी संकथनमा रहेको भाव र वैचारिक सिलसिलालाई स्पष्ट पार्दछ । ( ह्यालिडे र ह्यासन सन् २०१४, पृ. ४-६) संसक्तिले पाठमा प्रयुक्त भाषिक एकाइहरुले प्रदान गर्ने अर्थलाई सुसंबद्ध गरी संगठित गर्ने काम गर्छ र पाठमा भावगत एकत्व कायम हुन्छ । भावको श्रृङ्खलाबद्ध प्रवाहबाट पाठभित्र प्रयुक्त एकाइहरुको अन्तरसम्बन्धलाई हेरिन्छ ।  पाठमा अभिव्यक्त संसक्तिगत सुगठिततालाई हेरेर पाठगत अर्थको निर्क्योल गर्न सकिन्छ । झट्ट हेर्दा संसक्ति र संयुक्ति उस्तै देखिए तापनि यी दुई अवधारणाका बीच स्पष्ट भिन्नता रहेको छ । पद र पदावली बीचको औपचारिक अन्तरसम्बन्धबिना पनि संयुक्ति सम्भव हुन्छ भने संसक्तिका लागि औपचारिक अन्तरसम्बन्ध जरुरी हुन्छ । संसक्तिले संयुक्तिका लागि योगदान पुऱ्याउन सक्ने भए तापनि यो नै पर्याप्त हुँदैन किनभने संवाद वा वार्तालापको सन्दर्भबाट पनि संकथनपरक अर्थ स्पष्ट हुन सक्छ । (फ्लोरिडियु, सन् २०१२, पृ. ३३-३४) पाठमा संसक्तिबिना पनि संयुक्ति हुन सक्छ । संसक्ति र संयुक्ति पाठमा सँगसँगै आए पनि संयुक्तिले संकथनपरक अर्थ निर्धारण गर्छ भने त्यसलाई संसक्त वा सुगठित बनाउने काम संसक्तिबाट हुन्छ । त्यसैले यी दुईको पाठमा एकसाथ अध्ययन भए पनि एउटै होइनन् ,यी एक अर्कामा अन्तर सम्बन्धित छन् । संसक्तिगत व्यवस्था पनि व्याकरणिक संसक्ति (ग्रामेटिकल कोहेसिब  डिभाइस) र कोशीय संसक्ति (लेक्सकल कोहेसिब) गरी दुई प्रकारको हुन्छ । पाठभित्र आउने वाक्यहरुको तार्किक अर्थगत अन्तरसम्बन्ध बोध गराउँदा त्यसमा प्रयुक्त वाक्यका पद पदावलीले पाठमा आएको अर्थलाई सुसंगठित बनाएका छन् भने त्यसलाई व्याकरिणक संसक्ति भनिन्छ । यसमा निदर्शन, प्रतिस्थापन, लोप, सार्वनामीकरण, संयोजन आदिले पाठमा आएका वाक्यहरुलाई पूर्वसन्दर्भ वा पश्चसन्दर्भसँग सम्बन्धित तुल्याउँछन् । ह्यालिडे र ह्यासनले व्याकरणिक संसक्तिलाई पाँच प्रकारमा वर्गीकरण गरी उल्लेख गरेका छन् ।

वक्ताले श्रोतालाई कुनै व्यक्ति, विषय, र स्थानबारे बोध गराउन भाषिक रूपको प्रयोग गर्दछ, त्यही भाषिक रूपको प्रस्तुतिलाई नै निदर्शन भनिन्छ । कुनै विषयको निश्चित सत्ता वा स्थितिलाई सूचित गरिने कार्य निदर्शन हो (गौतम, २०६८, पृ. ५७६) । निदर्शन (रेफरेन्स) पाठमा फरक सन्दर्भमा फरक ढङ्गले आउन सक्छ । यसलाई पाठमा पूर्वापर सन्दर्भ बुझेर पत्ता लगाउन सकिन्छ । यो सूचना प्रवाहको विशिष्ट प्रक्रिया हो । यसमा वक्ताले सूचित गर्न चाहेको व्यक्ति, विषय र स्थानलाई निदर्शन बिन्दु (रेफरेन्स प्वाइन्ट) र यसलाई बुझाउने भाषिक कोटिलाई निदर्शक सन्दर्भ सर्वनाम भनिन्छ । यसले पाठमा आएर पाठभित्र र पाठ बाहिरको अर्थगत सम्बन्धको श्रृङ्खलालाई सङ्केत गर्दछ । पाठभित्र नआएको व्यक्ति, समय र स्थानलाई निदर्शनले बुझाएको छ भने यसलाई संकेत गर्न आउने कोटि बहिः सन्दर्भक कोटि हो । यो कुनै भौतिक परिवेश र पृष्ठभूमिगत ज्ञानसँग सम्बन्धित हुन्छ । पाठभित्र उल्लेख भएका व्यक्ति, स्थान, विषय आदिलाई एक आपसमा सम्बन्धित तुल्याउन आउने निदर्शन पाठभित्र (इन्डोफोरा) को निदर्शन हो । यसलाई सङ्केत गर्ने कोटि अन्तः सन्दर्भक कोटि हो । पाठभित्र आउने निदर्शकले पनि पाठमा कहिले पूर्वसन्दर्भक (एनाफोरिक) र कहिले पश्चसन्दर्भक (क्याटाफोरिक) लाई सम्बन्धित र सङ्गठित गरेको हुन्छ । सम्बन्धित पाठभित्र पहिले भनि सकिएको विषय, व्यक्ति वा स्थानलाई निदर्शन बिन्दु बनाएर प्रयोग गरिएको निदर्शनलाई पूर्वसन्दर्भक निदर्शक भनिन्छ  भने सम्बन्धित पाठभित्र निदर्शन बिन्दु भएको तर निदर्शकको प्रयोग  पहिले र निदर्शन बिन्दुको प्रयोग पछि भएको निदर्शन पश्चसन्दर्भक निदर्शन हो । (फ्लोरिडियु ,सन् २०१२ पृ.३४-३५) पाठभित्रको अर्थगत सम्बन्धलाई सुसङ्गठित गर्ने निदर्शन कोटिहरु पनि तीन किसिमका छन् । प्रयोगमा रहेको भाषाको अध्ययन गर्दा त्यसका वक्ता, श्रोता वा तिनीहरु बाहेकका अरु कुनै वस्तु वा व्यक्तिको निदर्शन हुन्छ भने यसलाई व्यक्तिवाचक निदर्शन भनिन्छ । व्यक्तिवाचक निदर्शनले वाक् कार्यमा संलग्न सहभागीको भूमिकालाई सङ्केत गर्दछ भने द्वितीय पुरुष निदर्शकले विषयलाई सङ्केत गर्दछ । यसले भाषिक प्रकार्यका सन्दर्भमा निश्चत र अनिश्चत सूचनालाई सन्दर्भित गर्छ । भाषामा प्रयोग हुने दर्शक सर्वनाम/विशेषणले स्थानको निदर्शन गराएका हुन्छन् । यस निदर्शनमा सन्दर्भ बिन्दुका रुपमा प्रायः वक्ता रहेको हुन्छ भने कहिलेकाहीँ श्रोता पनि आउन सक्छ । यसले सहभागीसँग सम्बद्ध वाक् कार्यको स्थानिक सन्दर्भलाई सङ्केत गर्दछ । यो, यता,यही आदिले वक्ताको स्थानकेन्द्री र त्यो, त्यही, त्यहाँ आदिले श्रोताको स्थानकेन्द्री भएर काम गर्दछन् । भाषामा समयको निर्देशन गर्ने काम कालबाट हुन्छ । यसमा सहभागीसँग सम्बद्ध वाक् कार्यको समयगत सन्दर्भलाई सङ्केत गरिन्छ । यसमा पनि सङ्केत समय र ग्रहण समय पर्दछन् । देवीप्रसाद गौतमका अनुसार लायन्स र फिल्मोरले संकथनलाई पाठ निदर्शक र सामाजिक निदर्शक गरी चर्चा गरेका छन् । उनीहरुका अनुसार पाठमा सुरुदेखि अन्त्यसम्म निरन्तर रूपमा प्रवाहित सन्दर्भीकरण गर्ने निदर्शन संकथन निदर्शन हो । सामाजिक निदर्शन भनेको समाजको संरचनामा रहेका लिङ्ग, आदर, वर्ग ,पेशा आदि व्यवस्थासँग सम्बन्धित पक्षलाई निर्देशन गर्ने

निदर्शनलाई सामाजिक निदर्शन भनिन्छ । यसमा  मूलतः श्रोतासँग सम्बन्धित वक्ताको सामाजिक तह वा ओहदा आउँछ ।

पाठमा अन्तर्निहित व्याकरणिक संसक्तिलाई पहिले भनिएको कथन, कार्य, घटना विवरण आदिको पुनरुक्तिको सट्टा त्यसका ठाउँमा अर्को विशिष्ट सन्दर्भको प्रयोग गरी सुसंबद्ध गरिन्छ भने त्यसलाई प्रतिस्थापन भनिन्छ । यसले पाठमा आएर अभिव्यक्तिलाई संक्षिप्त, सबल, र संसक्त बनाउँछ । यसका साथै प्रतिस्थापनले पुनरावृतिबाट पाठमा उत्पन्न हुने निराशालाई न्यूनीकरण गर्छ । प्रतिस्थापन निश्चित सन्दर्भलाई संक्षेपीकरण गरी अभिव्यक्तितिगत संक्षिप्तता तथा लोप अध्याहारबाट सन्दर्भ अर्थको बोध गर्ने प्रकियासँग सम्बन्धित विषय हुन् । कतिपय अवस्थामा प्रतिस्थापन र लोपलाई एउटै मानेर विश्लेषण गरिए पनि तिनको प्रयोगावस्था भने फरक छ । पाठमा पद, पदावली, उपवाक्य ,वाक्य र अनुच्छेद पनि प्रतिस्थापन हुन सक्छन् । पाठमा यसरी, त्यसरी, त्यहाँनेर, त्यसैले, परिणामस्वरुप, यसर्थ, यसकारण, त्यसकारण, जस्ता प्रतिस्थापन प्रयुक्त भई पाठगत अर्थलाई संसक्त र सङ्गठित बनाएका हुन्छन् । पाठभित्रको अनुच्छेदमा रहेका वाक्यभित्रका उपवाक्यमा दोहोरिएर आएका नाम, किया, सहायक किया आदिलाई पटक पटक प्रयोग नगरी अध्याहारबाट तिनको अर्थसंगति कायम गरेर पनि पाठमा अर्थको श्रृङ्खला सुसंगठित र सुसंबद्ध गर्ने गरिन्छ भने त्यसलाई लोप भनिन्छ । लोपमा अर्थको सहचार संम्बन्ध भने रहिरहेको हुन्छ तर सरंचनाको भने उपस्थिति हुँदैन (गौतम, २०६८, पृ. ५७८) । पाठमा पूर्वापर सन्दर्भसँग अर्थगत सम्बन्ध रहन सक्ने अवस्थामा मात्र लोप प्रक्रियाको प्रयोग हुन्छ । पाठमा आएका पद, पदावली, उपवाक्य, वाक्य आदिमा लोप भएको सूचना वा विषयलाई श्रोता वा पाठकले अध्याहार कल्पना गरी स्वाभाविक रूपमा बुझ्दै जान्छ ।

संकथनपरक अभिव्यक्तिलाई संसक्त र संबद्ध गराउने अर्को व्याकरिणक संसक्ति संयोजन पनि हो । ह्यालिडे र ह्यासनले यसलाई योगात्मक, समायोजनमूलक, कारणत्मक र समयगत गरी चार प्रकारमा वर्गीकरण गरेका छन् । संयोजनले आर्थी सूचनालाई योग गरी पाठभित्रका संकथनपरक एकाइहरुलाई संगठित गरी संयुक्ति र संसक्तिगत अर्थ सम्बन्धलाई प्रभाव पारेको हुन्छ । पाठमा केन्द्रीकृत आर्थी सम्बन्ध निर्माण गर्ने तथा त्यसको निरन्तर सूचनालाई सन्दर्भित गर्ने काम संयोजनले गर्छ (ह्यालिडे र म्याथिसन, सन् २००४ पृ. ५३६) । पाठमा प्रर्युक्त वाक्यमा एकभन्दा बढी विचार, पक्ष वा विषय आउँदा तिनका बीचमा सकारात्मक, नकारात्मक, अनुकूल तथा प्रतिकूल, विकल्प, परिणाम, कारण, तरिका वा कामको पद्धति आदिमध्ये के कस्तो अर्थगत सुसम्बद्धता कायम भएको छ भन्ने कुराको अध्ययन संयोजनका माध्यमबाट गरिन्छ । पाठगत अर्थलाई एकत्व प्रदान गर्दै सुसंगठित गर्ने संयोजनले नै पाठमा संयोजीका रुपमा रहेर काम गरेका हुन्छन् । पाठमा व्यक्ति, बस्तु, स्थान आदिको पुनरावृत्तिबाट हुने नैराश्यतालाई रोक्न सर्वनामको प्रयोग गरिन्छ । यही सर्वनामको प्रयोग गर्ने प्रक्रिया नै सार्वनामीकरण हो । सर्वनामको प्रयोगले पाठमा एउटा वाक्यलाई अर्को वाक्यसंग जोडेर अर्थगत सम्बन्धलाई संसक्त

तुल्याउँछ । अध्ययनीय कवितामा निदर्शन, प्रतिस्थापन, लोप,साथै संयोजनले अर्थगत सुसम्बद्धता र एकीकरणलाई सङ्गठित गरेका हुनाले उल्लेखित सैद्धान्तिक पर्याधारका आधारमा घुम्ने मेचमाथि अन्धो मान्छे कवितामा व्याकरणिक संसक्तिको अध्ययन तथा विश्लेषण गरिएको छ ।

## सामग्री विश्लेषण र प्राप्ति

एउटै अनुच्छेद र छ्यालीस पङ्तिमा संरचित यस कवितामा भाव प्रवाहका क्रममा सबै प्रकारका व्याकरणिक संसक्ति प्रयुक्त भएका छन् र यिनले पाठमा श्रृङ्खलाबद्ध रूपमा आएको भावलाई एकीकृत रूपमा संसक्त तुल्याएका छन् । जसलाई तालिकामा यसरी  प्रस्तुत गरिएको छ ।

| पङ्ति / सङ्ख्या | पङ्ति | निदर्शन (लोप) | प्रतिस्थापन | लोप | सार्वनामीकरण | संयोजन |
|---|---|---|---|---|---|---|
| १ | दिनभरि | म | - | - | - | - |
| २ | सुकेको बाँसझैँ | त्यो | - | | - | - |
| ३ | आफ्नो खोक्रोपन माथि | - | - | | आफ्नो | - |
| ४ | उँघेर | - | - | बस्छु | - | - |
| ५ | पछुताएर | म | - | बस्छु | - | - |
| ६ | दिनभर | म | - | - | - | - |
| ७ | रोगी मलेवाझैँ | त्यो | - | - | - | - |
| ८ | आफ्नो छाति आफ्नै चुच्चोले ठुँगेर | - | - | बस्छु | आफ्नो / आफ्नै | - |
| ९ | घाउहरु कोट्याएर | म | - | बस्छु | - | - |
| १० | दिनभरि | म | - | - | - | - |
| ११ | सल्लाघारी झैँ एकलासमा | त्यो | - | - | | - |
| १२ | अव्यक्त बेदनाले सुक्क सुक्क रोएर | - | - | बस्छु | - | - |
| १३ | दिनभरि | म | - | - | - | - |
| १४ | पाले च्याउँझैँ | त्यो | - | - | - | - |
| १५ | धरती र आकाशको विशालता देखि टाढा | यो | - | रहन्छु | - | र |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | एउटा सानो ठाउँमा आफ्नो खुट्टा गाढेर | म | - | रहन्छु | आफ्नो | - |
| १७ | एउटा सानो छाताले आफूलाई ढाकेर | म | - | रहन्छु | आफू | - |
| १८ | साँझमा | यहाँ | - | - | - | - |
| १९ | जब नेपाल खुम्चिएर काठमाडौं | - | - | बन्छ | - | जब |
| २० | काठमाडौं डल्लिएर नयाँ सडक | - | - | बन्छ | - | तब |
| २१ | र नयाँ सडक असङ्ख्यक मानिसका पाउमुनि कुल्चिएर | - | - | - | - | र |
| २२ | टुक्रिएर | - | - | - | - | - |
| २३ | अखबार, चिया, र पानको पसल बन्छ | - | - | - | - | र |
| २४ | किसिम किसिमका पोसाकमा | यहाँ | - | | - | - |
| २५ | ओहोरदोहोर गर्छन् थरी थरीका हल्लाहरू | - | - | - | - | - |
| २६ | फुलपारेको कुखुरा झैं कराउँदै | यहाँ | - | यहाँ | - | - |
| २७ | हिड्छन् अखबारहरू | - | - | - | - | - |
| २८ | र ठाउँ ठाउँमा अन्धकार पेटीमा उक्लन्छु | - | - | - | - | र |
| २९ | मोटरहरुको प्रकाशदेखि तर्सेर | यहाँ | - | - | - | - |
| ३० | अनि असंख्य मौरीको भुनभुन र डसाइदेखि आत्तिएर | - | - | - | - | अनि |
| ३१ | म उठ्छु | म | - | - | - | - |
| ३२ | न्यायको दिनमा प्रेतत्माहरु उठेझैं | त्यो | - | - | | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३३ | र नपाएर विस्मृतिको "लेथे" नदी | - | - | - | - | र |
| ३४ | रक्सीको गिलासमा हाम्फाल्छु । | म | - | - | - | - |
| ३५ | र बिर्सन्छु आफ्नो पूर्वकथालाई | - | - | - | आफ्नो | र |
| ३६ | पूर्वजुनि र मृत्युलाई | - | - | - | आफ्नो | र |
| ३७ | यसरी नै सधैँ | - | यसरी | - | - | - |
| ३८ | चियाको किटलीबाट एउटा सूर्य उदाउँछ | यहाँ | - | - | - | - |
| ३९ | सधैँ रक्सीको रित्तो गिलासमा एउटा सूर्य अस्ताउँछ । | यहाँ | | - | - | - |
| ४० | घुमिरहकै छ म बसेको पृथ्वी - पूर्ववत् | म | - | घुमिरहे कै छ | - | - |
| ४१ | फगत म अपरिचित छु । | म | - | मात्र | - | - |
| ४२ | वरिपरिका परिवर्तनहरू देखि | - | - | - | यी | - |
| ४३ | दृश्यहरू देखि | म | - | अपरिचित छु | यी | - |
| ४४ | रमाइलो देखि | म | - | अपरिचित छु | यो | - |
| ४५ | प्रर्दशनीको घुम्ने मेचमाथि | - | - | - | त्यो | - |
| ४६ | करले बसेको अन्धो जस्तै | - | - | मान्छे | यो | - |

'घुम्ने मेचमाथि अन्धो मान्छे' चर्चित व्यङ्ग्यात्मक कविता हो । यस कवितामा कविले काव्यात्मक अनुभूतिलाई एकालापीय शैलीमा अभिव्यक्त गरेका छन् । कवितामा समाख्याताले आफ्नो आत्मकथन पाठकलाई संबोधन नगरी अप्रत्यक्ष रुपमा तत्कालीन नेपाली समाजमा शासन सत्तामा आसिन अन्धा शासकलाई सन्दर्भ पात्रका रुपमा उल्लेख गरी व्यङ्ग्यात्मक भावाभिव्यक्ति प्रस्तुत गरेको छ । यसै क्रममा कवितामा आएको भावको प्रवाहलाई व्याकरणिक संसक्तिका

निर्मितिले कसरी सुसंवद्ध र सङ्गठित गरेका छन् भन्ने कुरालाई यस अध्ययन पत्रमा विश्लेषण गरिएको छ ।

## निदर्शन

घुम्ने मेचमाथि अन्धो मान्छे कवितामा तत्कालीन समयमा शासन व्यवस्थामा शासक अन्धो वा विवेकहीन हुनाको कारण जनता निरीह भई प्राणहीन अवस्थामा टाढिएर जड वस्तुजस्तै बनेर बाँच्न बाध्य भएको व्यङ्ग्यात्मक भावलाई श्रृङ्खलाबद्ध रुपमा सूचित गर्ने क्रममा पाठगत अर्थलाई औपचारिक रूपमा संगठित तुल्याउन कवितामा आदिदेखि अन्त्यसम्म निदर्शन प्रयुक्त भएका छन् । यस कवितामा निदर्शनको उपस्थिति समाख्याता निदर्शन लोप र सर्वनामका रूपमा भएको छ । कविताको पहिलो पङ्तिमा आएको समाख्याता **म** निदर्शन बिन्दु व्यक्तिवाचक निदर्शनका रुपमा उपस्थित भई कार्यमा संलग्न सहभागीको भूमिकालाई सङ्केत गरेको छ । यहाँ निदर्शन बिन्दुका रूपमा आएको समाख्याता **म** ले आफूले आफूलाई सन्दर्भीकरण गरेको छ । भाव प्रवाहको क्रममा छैटौं र दशौं पङ्तिमा आएका निदर्शन बिन्दुले समय, सन्दर्भ र उसको वास्तविक अवस्थालाई सन्दर्भीकृत गर्दै भावको श्रृङ्खलालाई संयोजन गरेका छन् । यहाँ समाख्यताले **म**, **आफ्नो**, **त्यो**, **त्यहाँ**, **यहाँ**, जस्ता निदर्शनको प्रयोग गरी सूचित गर्न चाहेको व्यक्ति, विषय र स्थानको पहिचान गराइएको छ । कवितामा दोस्रो, सातौं, र चौधौं पङ्तिमा अध्याहारबाट आएको **त्यो** दर्शक विशेषणका रूपमा प्रयुक्त निदर्शनले पाठभित्रको पश्चसन्दर्भलाई सूचित गर्दै सामाख्याता निदर्शन बिन्दु (**म**) ले सन्दर्भकसँग सन्दर्भित गराएको छ । सन्दर्भ बिन्दुले सूचित गर्न चाहेको विषय समाख्याताको निरीह अवस्थालाई सुकेको बाँस, रोगी मलेवा, सल्लाघारीको एकलास र पाते च्याउँको गतिहीन अवस्थाले सूचित गरेका छन् । कवितामा दोस्रो, सातौं र चौधौं पङ्तिमा आएको **त्यो** निदर्शनले वस्तुलाई सूचित गरेको छ भने एघारौं पङ्तिमा आएको **त्यो** निदर्शनले स्थानिक सन्दर्भलाई सूचित गरेको छ । यहाँ प्रयुक्त **त्यो** निदर्शन दूरवर्ती निदर्शनका रुपमा रहेका छ । कविताको तेह्रौं पङ्तिमा प्रयुक्त **म** निदर्शनले चौधौं ,पन्ध्रौं, सोह्रौं, र सत्रौं, पङ्तिमा आएको सङ्कुचित अवस्थामा दूरवर्ती बनेर रहेको पाते च्याउँको सन्दर्भलाई शासन सत्ताबाट टाढिएर जड बनेको समाख्याताको गतिहीन अवस्थाको अर्थगत एकत्वलाई संसक्त तुल्याएको छ ।

कविताको अठारौं पङ्तिमा प्रयुक्त **यहाँ** निदर्शनले पाठभित्र उल्लेख गरिएको स्थान ( नेपाल) देशलाई सूचित गरेको छ । यसले कवितामा पश्चसन्दर्भक स्थान बोध गराउने निदर्शकका रूपमा प्रयुक्त भई शासकको संकुचित र शासित भावलाई प्रवाह गरी अर्थगत सुसंबद्धता कायम गरेको छ । कवितामा चौबीसौं, छब्बीसौं, र उनान्तीसौं पङ्तिमा अध्याहारबाट आएको **यहाँ** निदर्शन बिन्दुले पाठभित्रको स्थानगत निदर्शनलाई सूचित गरी राष्ट्रका शासकको शोषणका विविध स्वरुपलाई सूचित गरेको छ भने कविताको बत्तीसौं पङ्तिमा प्रयुक्त **त्यो** निदर्शन

बिन्दुले पाठबाहिरको समयगत सन्दर्भनलाई सूचित गर्दै अन्यायबाट पीडित प्रेतात्मा उठेको पूर्ववर्ती समयको सन्दर्भलाई सूचित गरेको छ । कविताको उन्तीसौँ र उनान्चालीसौँ पङ्तिमा प्रयुक्त **यहाँ** निदर्शनले पाठभित्र उल्लेख गरिएको स्थान (देश) गत पूर्व सन्दर्भनलाई सूचित गर्दै शासकका अन्धा गतिविधिलाई राष्ट्रले निरन्तरता दिएको उल्लेख गर्दै **यहाँ** दिन थोरै उज्यालो र धेरै अँध्यारो आत्मसात् गर्ने चियाको किटिलीबाट उदय हुने र दिनको समापन वा सूर्यास्त रक्सीको रित्तो गिलाससँगै हुने सन्दर्भलाई संयोजित गरिएको छ भने चौवालीसौँ र पैतालीसौँ पङ्तिमा आएका **यो** र **त्यो** सर्वनाम निदर्शनले पाठभित्र आएको सन्दर्भलाई भावको मूल प्रवाहमा सुसंबद्ध कायम गरी कविताको भावलाई सुसंगठित बनाएका छन् । **प्रतिस्थापन**

यस कवितामा संकथनपरक अर्थलाई सुसंबद्ध गर्ने क्रममा एक ठाउँमा मात्र प्रतिस्थापनको प्रयोग गरिएको छ । कविताको सैतीसौँ पङ्तिमा आएको **यसरी** पदले कवितामा आएको भावाभिव्यक्तिलाई संक्षिप्त, सबल, र संसक्त तुल्याएको छ । यहाँ प्रयुक्त यसरी पदले सत्ता संचालनको यही प्रक्रियाबाट भन्ने पूर्व कथनको विवरणको पुनरुक्तिको सट्टामा विशिष्ट सन्दर्भको प्रयोगमा आई अनुच्छेदमा उल्लेखित पूर्वसन्दर्भलाई सुसंबद्ध बनाएको छ ।

## सार्वनामीकरण

कवितामा भावगत एकत्व कायम गर्ने क्रममा सार्वनामिक पदहरु पनि प्रयुक्त भएर आएका छन् । यस कवितामा सर्वनाम प्रायः अध्याहारबाट आएका छन् । कवितामा आएका सर्वनामले पाठभित्र र पाठबाहिरको अर्थगत सन्दर्भलाई सम्बन्धित तुल्याई विचारलाई अन्वितिपूर्ण बनाएका छन् । कविताको तेस्रो र आठौँ पङ्तिमा प्रयुक्त **आफ्नो** सर्वनाम शब्दले व्यक्तिवाची बनी समाख्याताको शक्तिहीन र निरीह प्रवृत्तिलाई सन्दर्भीकृत गरेको छ भने सोह्रौँ र सत्रौँ पङ्तिमा प्रयुक्त **आफ्नो** र **आफू** सर्वनामले यो विशाल धरती र आकाशबाट टाढा एक्लो भई रहन खोजेको स्थानलाई सन्दर्भन गरेका छन् । यी सर्वनामले पाठभित्रको अर्थलाई सन्दर्भित गरेका छन् । पाठमा प्रयुक्त सर्वनामले पाठको आदिदेखि अन्त्यसम्मको पद, पङ्ति र अनुच्छेदमा आएको अर्थलाई संगठित तुल्याएका छन् । कविताको चौतीसौँ ,पैतीसौँ र छत्तीसौँ पङ्तिमा प्रयुक्त सर्वनाम **म** र **आफ्नो**ले पनि शासकको शोषणको हैरानीलाई विस्मृतिमा पुर्‍याउन रक्सीका गिलासमा हाम्फालेर पूर्वकथा र पूर्वजुनिको शोषण श्रृङ्खलाबाट मुक्त हुन खोजेको भावले पूर्वसन्दर्भलाई पश्चसन्दर्भसँग संयोजन गरेको छ । कविताको पैतालीसौँ पङ्तिमा आएको **त्यो** सर्वनामले पाठभन्दा बाहिरको सन्दर्भलाई संयोजन गरी पाठमा अभिव्यक्त व्यङ्ग्यार्थलाई पूर्वसन्दर्भसँग संसक्त तुल्याई पाठमा अर्थगत सुसङ्गठित अवस्था सिर्जना गरेको छ । कविताको छयालीसौँ पङ्क्तिमा अध्याहारबाट आएको **यो** सर्वनामले पाठको आदिबाट उनिदै उनिदै आएको अर्थलाई सार कथनसँग सम्बन्धित अवस्थामा रहेको भावलाई पूर्वापर प्रसङ्गलाई सन्दर्भित गरेको छ ।

## लोप

यस कवितामा अभिव्यक्त भावलाई प्रवाह गरी पाठलाई सुसंबद्ध र संगठित बनाउने क्रममा संरचनामा नआएका वा संरचना लोप भएका पद, पदावलीको महत्वपूर्ण भूमिका रहेको छ । यस कवितामा आदिदेखि अन्त्यसम्मको संरचनालाई अध्ययन गर्दा संरचना लोप भएका शब्दहरु निदर्शन बिन्दु, सार्वनामीकरण र लोपका रूपमा प्रयुक्त भएका छन् । कवितामा प्रयुक्त निदर्शन समाख्याता पनि लोपको रूपमा रही अर्थगत सहचार स्थापित गर्ने पदका रूपमा रहेको छ । कविताको संरचनामा कतै कर्ता त कतै क्रियापद लोप भएर रहेका छन् । कविताको चौथो र पाँचौं पङ्तिमा आएको **बस्छु** क्रियापदले पूर्वापर सूचना प्रवाहलाई संसक्त तुल्याएको छ भने आठौं, नवौं बाह्रौं पङ्तिका संरचनामा हराएको **बस्छु** क्रियापदले समाख्याताले प्रस्तुत गरेको भावप्रवाहलाई संबद्ध तुल्याएको छ । त्यसैगरी कविताको पन्ध्रौं, सोह्रौं र सत्रौं पङ्तिमा संरचनामा नआएको **रहन्छु** क्रियापदले पनि समाख्याता(म) निदर्शन बिन्दुका रुपमा आएर प्रस्तुत गरेको सूचनाको प्रवाहलाई पूर्वापर सन्दर्भसँग सङ्गतियुक्त बनाएको छ । त्यसैगरी कविताको चालीसौं पङ्तिमा संरचना लोप भएको **घुमिरहेकै छ** पदावलीले यही क्रममा गतिशील रहेको देशको अवस्थालाई भावको प्रवाहमा सुसंबद्ध बनाएको छ भने त्रिचालीसौं ं र चवालीसौं पङ्तिमा आएको **म अपरिचित छु** संरचनामा नरहेको वाक्यले पैतालीसौं र छयालीसौं वाक्यमा आएको सार कथनसँग सूचना प्रवाह गरी सुसंगठित तुल्याएको छ । त्यसैले यस कवितामा आएको भावगत प्रवाहलाई संरचना लोप भएका पद, पदावली र वाक्यले सुसंबद्ध बनाएका छन् संगठित तुल्याएका छन् ।

## संयोजन

यस कवितामा प्रयुक्त संयोजकले कवितामा आएको भाव प्रवाहलाई संयोजन गरी सुसंबद्ध बनाएका छन् । यस कवितामा प्रयुक्त एघारवटा संयोजकले अर्थगत संसक्तिलाई संयोजन गरेका छन् । कवितामा पन्ध्रौं पङ्तिमा आएको संयोजक र योगात्मक संयोजकका रुपमा प्रयुक्त भएको छ । यसले दुई विपरीतार्थी शब्दलाई संयोजन गरी पूर्वापर सन्दर्भलाई संयोजन गरेको छ । उन्नाइसौं र बीसौं पङ्तिमा आएका **जब, तब** संयोजकले समयगत (टेम्पोरल) सन्दर्भलाई पूर्वापर प्रसङ्गलाई पाठगत अर्थसंग सम्बन्धित तुल्याएका छन् । एक्काइसौं पङ्तिमा प्रयुक्त टेम्पोरल संयोजक **र** ले पाठगत अर्थलाई बाईसौं पङ्तिसँग संयोजन गरेको छ भने तेईसौं पङ्तिमा आएको **र** संयोजकले पङ्तिमा प्रयुक्त पदहरुलाई संयोजन गरी आर्थी सूचनालाई योग गरेको छ । अठ्ठाईसौं पङ्तिमा योगात्मक संयोजकका रुपमा आएको **र** ले अर्थगत सम्बन्धलाई संयोजन गर्दा कारणको रुपमा रहेर  र तीसौं पङ्तिमा प्रयुक्त **अनि** संयोजकले समयवाचक संयोजकका रुपमा प्रयुक्त भई पङ्ति पङ्तिका बीचको अर्थगत सम्बन्धलाई संयोजन गरेको छ । त्यसैगरी तेत्तीसौं पङ्तिमा प्रयुक्त **र** संयोजकले अर्थ प्रवाहलाई क्रमिक रुपमा गतिशील तुल्याएको छ र

कारणवाचक संयोजक बनी अघिल्लो पङ्तिको अर्थलाई पछिल्लो पङ्तिको अर्थसँग संयोजन गरेको छ । पैतीसौँ पङ्तिमा प्रयुक्त र योगात्मक संयोजकले पाठमा प्रवाहित अर्थको कार्यकारण सम्बन्धलाई संयोजन गरेको छ भने छत्तीसौँ पङ्तिमा प्रयुक्त र संयोजकले अर्थको प्रवाहमा आएका दुई पदलाई संयोजन गरी ती पदलाई पाठमा अर्थको मूल प्रवाहसँग सम्बन्धित तुल्याएको छ ।

**निष्कर्ष**

घुम्ने मेचमाथि अन्धो मान्छे कवितामा व्याकरणिक संसक्तिका मानकका आधारमा भावको श्रृङ्खलित प्रवाहलाई अध्ययन तथा विश्लेषण गरी कवितालाई भाव सम्प्रेषणीय र अन्वितिपूर्ण सुसङ्गठित पाठका रुपमा स्थापित गरिएको छ । कवितामा प्रयुक्त संकथनका निर्मापक एकाइहरुले तयार गरेका आर्थी सूचकहरुलाई निदर्शन, प्रतिस्थापन, लोप, संयोजन र सर्वनाम जस्ता भाषिक जोर्नीले सुसंबद्ध तुल्याई संयोजन गरेका छन् । छयालीसौं पङ्तिमा संरचित यस कवितामा कविले समाख्याता निदर्शनका माध्यमबाट आरम्भ गरेको भावको प्रवाह एउटै धागोमा फूल उनिएर आएजस्तै अन्तर्सम्बन्धित भएर आएको छ । समाख्याता निदर्शकले सन्दर्भक बनी तत्कालीन समयावधिका शासकको अन्धताका कारण म पात्र जस्ता जनता प्राणहीन तथा निरीह बनेर रहेको तथ्यलाई सूचनाको प्रवाहमा सृङ्खलावद्ध रुपमा प्रवाहित गरेका छन् । यहाँ कविताको संरचनालाई अध्ययन गरी भावको प्रवाहलाई विश्लेषण गरिएको छ । कवितामा प्रयुक्त पङ्तिका बीचको तार्किक अर्थगत अन्तरसम्बन्धलाई कवितामा प्रयुक्त पद पदावलीदेखि लिएर शीर्षक र कवितामा रहेको सार कथनसँग सम्बन्धित तुल्याई कविताको आदिदेखि अन्त्यसम्म आएका पद पदावलीको अर्थ संबद्धताको खोजी गरिएको छ । कवितामा प्रयुक्त पङ्तिमा प्रवाहित भावलाई संयोजन गर्ने भाषिक जोर्नीका रुपमा आएका निदर्शन,प्रतिस्थापन,संयोजन, लोप, सार्वनामीकरणको पहिचान र विश्लेषण गरिएको छ । यस कवितामा प्रयुक्त भाषिक जोर्नीले पङ्ति पङ्तिमा रहेका एक भन्दा बढी आर्थी सूचकले तयार गरेका भाव वा सूचनालाई साङ्लोले जस्तै गरी आदिदेखि अन्त्यसम्म पुऱ्याएका छन् । कवितामा भावको प्रवाह समाख्याता (म पात्र) प्राणहीन अवस्थामा रहँदाको निरीहपनलाई सङ्केत गर्दै भएको छ भने त्यो अर्थ प्रवाहमा सूचनाको निरन्तरताले कवितालाई सुसङ्गठित तुल्याएको छ र अन्त्यको सार कथनसँग अर्थलाई सुसंबद्ध तुल्याउने काम निदर्शन, लोप, आदिले गरेका छन् ।

एउटै अनुच्छेदका छयालीस पङ्तिमा संरचित यस कवितामा व्याकरणिक संसक्तिका निर्मितिले भाषिक जोर्नीका रुपमा रहेर सिंगो कवितालाई संरचनात्मक परिपुष्टता प्रदान गरेका छन् । यस कवितामा प्रयुक्त संसक्तिका निर्मितिलाई हेर्दा कतिपय स्थानमा एउटै पङ्तिमा एकभन्दा बढी निर्मितिहरू प्रयुक्त भएका छन् भने कतिपय पङ्तिमा एउटा निर्मिति मात्र प्रयुक्त भएको छ । एउटै पङ्तिमा दुई वा दुई भन्दा बढी निर्मितिहरू प्रयुक्त हुँदा ती एक अर्काका

सहयोगी बनेर अर्थगत सुसंबद्धतामा समन्वित भई भावको प्रवाहलाई प्रभावपूर्ण तुल्याएका छन् । यस कवितामा भावगत सुसंबद्धता कायम गर्ने क्रममा लोपको बढी प्रयोग भएको छ । यस कवितामा आएको अर्थगत सुसंबद्धता कायम गर्ने क्रममा सबैभन्दा बढी अध्याहारबाट आएका वा संरचनामा नआएका लोप भएका शब्दले कविताको रचना सन्दर्भसँग सम्बन्धित तुल्याई संकथनपरक अर्थलाई सुसम्बद्ध तुल्याएका छन् । यी अध्याहारबाट आएका पद, पदावली र वाक्यले सुरुको पङ्तिबाट आरम्भ भएको अर्थको श्रृङ्खलालाई पङ्ति पङ्तिसँग सुसंबद्ध गराउँदै समग्र पाठको अर्थगत व्यवस्थामा जोर्नीका रूपमा रहेर काम गरेका छन् । कवितामा निदर्शन संरचनामा प्रायःलोप भएर रहेका छन् । संरचना लोप भएर रहेका क्रियापदले भावगत एकत्वलाई बढी जोड दिएका छन् भने संयोजनले कवितामा प्रयुक्त आर्थी सूचकलाई समायोजन र संयोजन गरेका छन् । सिङ्गो कविताको भाव प्रवाहमा प्रतिस्थापन एक ठाँउमा मात्र प्रयुक्त छ । लोपको बढी प्रयोग भएको यस कवितामा भाव कार्यकारण श्रृङ्खलामा प्रवाहित भएको छ । कवितामा उपर्युक्त व्याकरणिक संसक्तिको विधान प्रभावकारी हुनाले भाव संयोजनको सन्दर्भलाई आदिदेखि अन्त्यसम्म परस्परमा सम्पृक्त गरी सिङ्गो संकथनलाई कलात्मक र अर्थपूर्ण तुल्याएका छन् र कवितामा आएको भावगत प्रवाहलाई काव्यमा प्रयुक्त निदर्शन,लोप,संयोजन र प्रतिस्थापनले सुसंगठित तुल्याउन अहम् भूमिका निर्वाह गरेका छन् ।

## संन्दर्भसामग्री सूची


अधिकारी, अनिल (२०७८). *'हामी कवितामा संसक्ति व्यवस्था'* दृष्टिकोण पूर्णाङ्क ११ (१) पृ.२१०-२३२) ।

एटम, नेत्र (२०७४). *संक्षिप्त साहित्यिक शब्दकोश,* काठमाडौँः नेपाल प्रज्ञाप्रतिष्ठान ।

गौतम, देवीप्रसाद (२०६८). *'संकथन विश्लेषण'* रत्न बृहत् नेपाली समालोचना, सैदान्तिक खण्ड, सम्पा. राजेन्द्र सुबेदी र लक्ष्मणप्रसाद गौतम) काठमाडौँ : रत्नपुस्तक भण्डार, पृ ५७१ - ५९१ ।

गौतम, देवीप्रसाद (२०६८). *'गीति संरचनाको संकथन विश्लेषण'*, रत्न बृहत् नेपाली समालोचना, प्रायोगिक खण्ड, (सम्पा. राजेन्द्र सुबेदी र लक्ष्मणप्रसाद गौतम) काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ ४७३ - ४८१ ।

गौतम, देवीप्रसाद (२०६९). *अनुच्छेद संरचना,* मिर्मिरे, वर्ष ३, अङ्क ३ ।

घिमिरे, बासुदेव (२०६९). *सङ्कथन विश्लेषण,* कीर्तिपुर इन्टेलेक्चुअल बुक प्यालेस ।

यादव, योगेन्द्रप्रसाद र भीमनारायण रेग्मी (२०५९) . *भाषाविज्ञान,* (दोस्रो सस्करण), कीर्तिपुर : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शेरचन, भूपि (२०५१). *घुम्ने मेचमाथि अन्धो मान्छे* (नवौं संस्क) ललितपुर : साझा प्रकाशन ।

Flowerdew, John (2012). 'Cohesion' ***Discourse in English Language Education***, Routledge.

Flowerdew, John (2013). 'Themetic Development' ***Discourse in English Language Education*** Routledge, Chapter 4

Halliday, M.A.K, and Requaiya Hasan (2014). ***cohesion in English*** Routledge, 2014.

Halliday, M.A.K, and M. I. M.Matthiessen (2004). *An Introduction to functional Grammer*.(3th. ed) London :HodderArno